आज मिति २०७७ साल आश्विन १४ गतेको दिनको ३:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | मायापौडेल | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: धुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | ~~श्री: नर बहादुर चौधरी~~ ईश्वरराज पाण्डे | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | लुकुडी | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८ | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१ | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३२ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| | | | |

प्रस्तावहरु :-
(१) कोभिड-१९ को व्यवस्थापन सम्बन्धमा
(२) विद्यालय सञ्चालन सम्बन्धमा
(३) विद्यलय व्यवस्थापन समिति गठन सम्बन्धमा
(४) लागत सहभागिता को रकम बाँडफाँड सम्बन्धमा
(५) स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा एकिन सम्बन्धमा
(६) 'घ' वर्गको इजाजत सम्बन्धमा
(७) विविध

निर्णयहरूः
नि.नं १ः
कोराना भाइरस (कोभिड-१९) को व्यवस्थापन गर्ने सन्दर्भमा विभिन्न वडाका विद्यालयहरूमा स्थापना भएका क्वारेन्टाइन विस्थापन गरी नगर स्तरमा यथाशिघ्र आइसोलेश सञ्चालन गर्ने, कोभिड–१९ का सम्भावित तथा बास्तविक संक्रमितहरूलाई सम्भव भए सम्म स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न लगाई होम क्वारेन्टाइन/आइसोलेशनमा राख्ने र वाहिरबाट आएका व्यक्तिहरूले वडा कार्यालय तथा स्वास्थ्य शाखामा जानकारी गराउने, त्यस्ता व्यक्तिको सूचना संकलन गर्न स्थानीय टोल विकास संस्थाहरूलाई परिचालन गर्ने निर्णय गरियो ।

नि.नं २ः
कोराना भाइरस (कोभिड-१९) को कारण लामो समयसम्म शैक्षिक संस्थाहरू बन्द रही विद्यालयको सम्पूर्ण शिक्षण सिकाई प्रक्रिया पूर्णरूपमा अवरूद्द भैरहेको अवस्थामा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति ०७७/५/१९ को निर्णय अनुसार विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका, २०७७ जारी गरी ०७७ आश्विन १ गतेदेखी वैकल्पिक प्रणालीबाट सिकाई सहजिकरण गर्न विद्यार्थीहरूलाई प्रविधिको उपलब्धताको आधारमा ५ समूहमा विभाजन गरी सिकाई केन्द्र स्थापना गरि सिकाई सहजिकरण गर्ने व्यवस्था गरेको र टोल टोलमा शिक्षकहरू उपस्थित भै सिकाई सहजिकरण गर्ने क्रममा असुविधा तथा विद्यार्थीहरूलाई व्यवस्थापन गर्न समस्या भै प्रभावकारी सिकाइ हुन नसकेको भन्ने जानकारी प्राप्त भएको छ । त्यसैगरी बर्तमान विषम परिस्थितीमा अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढाउन तयारी अवस्थामा रहे नरहेको र सिकाईलाई कसरी अघि वढाउन सकिन्छ भन्ने जस्ता प्रस्नहरू राखी अभिभावकहरूको लागि प्रस्नावली तयार गरी उनीहरूको विचार संकलन गर्ने कार्य भएको र अधिकांश अभिभावकहरूले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई भौतिक दुरी कायम गरी विद्यालय मै अध्ययन गर्न आफ्ना बालबालिकाहरू पठाउन तयार रहेको विचार व्यक्त गरेको आधारमा नगर शिक्षा समितिको मिति ०७७/६/१२ को सिफारिस अनुसार प्रत्येक कक्षाको जोर विजोर रोल नं को आधारमा मिति ०७७/६/१५ देखी स्वास्थ्य सुरक्षाका सवै मापदण्ड पालना तथा भौतिक दुरी समेत कायम गरी विद्यालयमा शिक्षण सिकाई प्रक्रिया सञ्चालन गर्ने निर्णय गरियो ।
नि.नं ३ः
बर्दघाट नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिको म्याद पुरा भै अधिकाँश व्रिद्यालयहरूमा नयाँ विन्यस गठन गरी सञ्चालनमा आइरहेको र केही विद्यालयहरूमा विन्यस गठनको कार्य प्रारम्भ भै पूर्णता नपाउंदै कोराना भाइरस (कोभिड-१९) का कारण अभिभावकहरूको भेला गराई सदस्यहरू चयन गर्ने कार्य पुरा हुन नसकेको, शिक्षा ऐन २०२८ (संशोधित) तथा शिक्षा नियमावली २०५९ (संशोधित) मा विन्यसको म्याद पुरा भै कुनै विषम परिस्थिती सृजना भै समिति गठन गर्न नसकेको अवस्थामा जिल्ला शिक्षा कार्यालयले अर्को व्यवस्था नभए सम्म व्यवस्थापन समिति गठन गर्ने भन्ने भएकोमा हाल जिल्ला

शिक्षा कार्यालय नभएको एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ (ज) बमोजिम आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने कानुनी व्यवस्था भएको साथै विद्यालयमा गरिने कार्य, विभिन्न निर्माण तथा अन्य शैक्षिक कार्यक्रमहरू माग गरी कार्यान्वयन गर्दा विन्यस गठन भएको हुनुपर्ने मापदण्ड समेत समावेश हुँदै आएको छ । उपरोक्त अवस्था एवं यस कोभिडको विषम परिस्थिती समेतलाई मध्यनजर गरी हालसम्म प्रक्रिया प्रारम्भ भै विन्यस गठन हुन नसकेका विद्यालयहरूको हकमा तत्काल वाधा अड्काउ फुकाउन आवश्यक देखिएकोले अर्को विन्यस गठन नहुँदा सम्मको लागि अस्थायी विन्यस गठन गरी कार्य सञ्चालन गर्ने व्यवस्थाका लागि नगर शिक्षा समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

नि.नं ४ः

छैटौ नगरसभाबाट चालु आ.व.मा लागत सहभागितामा सञ्चालन हुने आयोजना तर्फ८कम रू १,००,००,००० विनियोजन भएकोमा उक्त रकम मध्येबाट योजना कार्यान्वयन गर्ने सम्बन्धमा विभिन्न वडा समिति मार्फत योजना सिफारिस गरिए बमोजिम तोकिए बमोजिमको लागत साझेदारीको लागि स्थानीय समूदायबाट रकम जम्मा गरेको वैंक भौचार प्राप्त भएपश्चात नगर प्रमुख स्तरिय निर्णय बाट योजना छनौट गरी कार्यान्वयन प्रक्रिया अगाडी वढाउने र सम्बन्धित वडा कार्यालयहरूले सम्भाव्य योजनाको सूचि १५ दिन भित्र पेश गर्ने निर्णय गरियो ।

नि.नं ५ः चालु आ.व.मा वडा नं १, ३, ४, ६, ७ र ८ का स्वास्थ्य चौकी भवन निर्माणको लागि ठेक्का सम्झौता भैसकेको सन्दर्भमा उक्त आयोजना निर्माण स्थल एकिन हुन बाँकी रहेका वडाहरूको हकमा जग्गा एकिन गरी यथाशिघ्र नगरपालिकामा सिफारिस गर्ने र साविक महिला विकास कार्यालयको नाममा रहेको जग्गा बर्दघाट न.पा. वडा नं ४ मा अवस्थित जग्गा यस नगरपालिकाको नाममा ल्याउने व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकाय मार्फत प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ६ः बर्दघाट नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ को दफा २२ र बर्दघाट नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ को दफा २ को उपदफा (२) अनुसूचि-५ मा तोकिएको मापदण्ड जाँचबुझ गर्न गठित प्राविधिक समितिको मिति २०७७/०६/१३ को बैठकबाट सिफारिस भै आएकोले देहायको फर्मलाई "घ" वर्गको निर्माण व्यावसायी ईजाजत पत्र दिने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | फर्मको नाम, ठेगाना | प्रोप्राईटरको नाम | कैफियत |
|---|---|---|---|
| १ | दाउन्ने लुम्बिनी कन्सूक्सन प्रा.लि., बर्दघाट–४ | गोपाल थापा क्षेत्री | |

नि.नं ७ः

नगरपालिकाको कानुनी कामकाज, न्यायीक समितिको काम तथा अन्य कानुनी राय सल्लाह तथा काम काजका लागि गत आ.व. देखी नै कामकाज गर्दै आउनु भएका अधिवक्ता श्री रमेश पौडेललाई यस आ.व. ०७७/०७८ का लागि समेत निरन्तरता दिने निर्णय गरियो ।

नि.नं ८ः

नगरपालिका अन्तरगत कोभिड–१९ का सम्भावित तथा बास्तविक संक्रमितहरूको पि.सि.आर परिक्षण गर्नको लागि लुम्बिनी प्रादेशिक अस्पताल विकास समितिको खातामा कोभिड व्यवस्थापन कोष अन्तरगत विनियोजित रू १,५०,००,०००।०० मध्येबाट रू १,००,०००।०० निकाशा दिने साथै आगामी दिनमा समेत लुम्बिनी प्रादेशीक अस्पताल संग साझेदारी गरी पि.सी.आर परिक्षणको कार्य अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ९ :